# संघीय संसद
# प्रतिनिधि सभा
# अन्तर्राष्ट्रिय सम्बन्ध समिति

**बैठक संख्या: ६७**
**(मिति: २०७८/०९/०५)**

विषय:-

१. पुरातत्त्व विभागको हालसम्मको कार्यप्रगति र भावी कार्ययोजनाका सम्बन्धमा।
२. विविध।

**छलफल तथा निर्णय:-**

समितिको आजको बैठकमा पुरातत्त्व विभागका महानिर्देशक श्री दामोदर गौतमसँग पुरातत्त्व विभागको हालसम्मको कार्यप्रगति र भावी कार्ययोजनाका सम्बन्धमा एवं विविध विषयका सम्बन्धमा छलफल भयो । यसै क्रममा समितिका मा. सदस्यहरुले दिनुभएका सुझाव र उठाउनु भएका विभिन्न जिज्ञासाहरुको महानिर्देशकले सम्बोधन गर्नुभएको थियो । त्यसपश्चात् समितिबाट देहाय बमोजिमका निर्णयहरु भए :

१. अनाधिकृत रुपमा नेपालबाट बाहिर गएका चल सम्पदाहरु फिर्ता ल्याउन विभिन्न क्षेत्रबाट भइरहेका प्रयासहरुमा राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ संस्था, व्यक्ति र मिडियाको महत्वपूर्ण योगदान रहेको कुरा जानकारीमा आएको छ । यस महत्वपूर्ण कार्यमा परराष्ट्र मन्त्रालयको सहयोगको आवश्यकता देखिएकाले सम्बन्धित देशका कूटनीतिक निकायहरुसँग समन्वय र सहकार्य गर्न परराष्ट्र मन्त्रालयलाई सुझावका साथै निर्देशन दिने,
२. परराष्ट्र मन्त्रालय, दिल्लीस्थित नेपाली राजदुतावास र काठमाडौंस्थित भारतीय राजदुतावासका बिच आवश्यक समन्वय र सहकार्य गरि साम्राज्येश्वर मन्दिर र परिसरमा अवस्थित धर्मशाला पुनर्निर्माण गरि समयानुकूल बनाई सञ्चालनमा ल्याउन आवश्यक पहल गर्न वाराणासी विकास प्राधिकरणसँग आवश्यक समन्वय गर्न परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने,
३. संघीय संसद सचिवालय परिसरमा रहेको पुरानो संसद भवनको सरसफाइ एवं उचित व्यवस्थापन गर्न संघीय संसद सचिवालयलाई निर्देशन दिने,
४. समितिका माननीय सदस्यहरु र सचिवालयका कर्मचारीहरु सम्मिलित दुई वटा भ्रमण टोली गठन गरी एक टोलीले भैरहवा, नेपालगञ्ज र धनगढी विमानस्थल तथा अर्को टोलीले सिमरा, निजगढ, जनकपुर र विराटनगर विमानस्थलको विद्यमान अवस्था र कार्यप्रगतिको यही २०७८ साल पुस महिनाभित्र स्थलगत अनुगमन भ्रमण गर्ने।

तत्पश्चात् समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो।